# प्रेस विज्ञप्ती

कार्तिक २४, २०७७

## दिगो आर्थिक विकासका लागि सिद्धार्थ बैंक, नेपाल राष्ट्र बैंक र के.एफ.डब्लु डेभलपमेन्ट बैंक, जर्मनी बीच त्रिपक्षीय सहकार्य

जर्मन सरकारको सहयोगमा SEDRA-II (Sustainable Economic Development in Rural and Semi-Urban Areas) प्रोजेक्टका लागि सिद्धार्थ बैंक लिमिटेड, नेपाल राष्ट्र बैंक र के.एफ.डब्लु डेभलपमेन्ट बैंक बिच हालै एक त्रिपक्षीय सम्झौता भएको छ । उक्त सम्झौता पत्रमा सिद्धार्थ बैंकका तर्फबाट प्रमुख कार्यकारी अधिकृत श्री शम्भु नाथ गौतम र नेपाल राष्ट्र बैंकका तर्फबाट लघुवित्त संस्था सुपरिवेक्षण विभाग प्रमुख डा. प्रकाश कुमार श्रेष्ठले हस्ताक्षर गर्नु भएको हो ।

यस प्रोजेक्ट नेपाल सरकार, अर्थ मन्त्रालय र जर्मन सरकारको समन्वय एवं जर्मन वित्तीय विकास निगमको सहयोगमा भएको हो जस्मा नेपाल सरकारको तर्फबाट नेपाल राष्ट्र बैंक मार्फत वाणिज्य बैंकमध्येबाट सिद्धार्थ बैंक र जर्मन सरकारको तर्फबाट के. एफ. डब्लु डेभलपमेन्ट बैंकद्धारा कार्यान्वयन गर्ने गरी नेपालको ग्रामीण तथा अर्धशहरी क्षेत्रको दिगो आर्थिक विकासका लागि लघु तथा साना व्यवसायीहरुलाई प्रत्यक्ष कर्जा सुविधा र तालिम, परामर्श लगायत आवश्यक प्राविधिक सेवाहरु प्रदान गर्नेछ ।

यस परियोजना अन्तर्गत जर्मन आर्थिक सहयोग कार्यान्वयन गर्दै बैंकले निम्न प्रकारका सुविधाहरु ग्राहकवर्गलाई प्रदान गर्नेछ :

- लघु, साना तथा मझौला उद्यम वित्तीयका लागि रु दुई लाख देखि रु चालिस लाख सम्मको कर्जा सुविधा
- १० वर्ष सम्मको कर्जा अवधि
- लघु, साना तथा मझौला उद्यमीहरुलाई सिपमुलक तालिम, परामर्श एवं अन्य प्राविधिक सहयोग

यस योजनाले ग्रामीण तथा अर्धशहरी क्षेत्रका लघु, साना तथा मझौला उद्यमीहरुलाई उद्यमशिलता विकासको लागि आवधिक कर्जाका साथै सिपमुलक तालिम प्रदान गर्ने बैंकको मुख्य उद्देश्य रहेको छ ।

विपन्न, सीमान्तकृत समुदाय तथा लक्षित वर्गलाई वित्तीय सेवा प्रदान गर्ने बैंकको मुख्य प्राथमिकता रहेकाले यस सम्झौताले सिद्धार्थ बैंक र के.एफ.डब्लु डेभलपमेन्ट बैंक बिचको सहकार्य अझ सुदृढ बनाउने र नेपालको लघु, साना तथा मझौला उद्यम वर्गहरुको विकासमा थप टेवा पुग्ने विश्वास बैंकले लिएको छ ।

# Press Release

November 9, 2020

## Agreement between Siddhartha Bank, Nepal Rastra Bank and KfW Development Bank, Germany for the sustainable economic development of Rural & Semi-Urban sector

Siddhartha Bank Limited signed a tripartite agreement with Nepal Rastra Bank and KfW Development Bank for implementing German Government supported project called "Sustainable Economic Development in Rural and Semi-Urban Areas - MSME Finance Phase II (SEDRA II)", which was commissioned by Ministry of Finance, Nepal and German Development Financial Cooperation, Germany. The agreement was recently signed by Mr. Shambhu Nath Gautam, Chief Executive Officer of Siddhartha Bank Limited and Dr. Prakash Kumar Shrestha, Head of Micro-Finance Institutions Supervision Department of Nepal Rastra Bank.

In order to develop the micro, small and medium enterprises of Nepal, Siddhartha Bank has been selected among the commercial banks of Nepal, through Nepal Rastra Bank under Ministry of Finance Nepal. KfW Development Bank under German Development Financial Cooperation, Germany will be financing the micro, small and medium enterprises of Nepal.

The main objective of the project is to improve access to finance and entrepreneurship development by providing long term lending and technical assistance to entrepreneurs of specify rural and semi-urban areas. With financing needs in the 'Missing Middle' segment and flourishing medium-sized enterprises (MSMEs), under this project, the Bank will be providing following facilities:

- Rs. 2 lakhs to upto Rs. 40 lakhs financing
- Loan tenure maximum upto 10 years
- Training, consultation and other technical assistance to small and medium entrepreneurs

As the Bank have high concentration on serving the unprivileged and deprived segment of an economy, this agreement is supposed to induce the collaborative initiation between SBL and KfW Development Bank and develop the micro, small and medium enterprises of Nepal.